त्रिभुवन विश्वविद्यालय

चिकित्सा शास्त्र अध्ययन संस्थान

बीरगंज नर्सिङ्ग क्याम्पस, बीरगंज

(स्व.वि.यु. निर्वाचन समिति-२०८१)

मिति : २०८१/११/२५

## "स्व.वि.यु. निर्वाचन समिति-२०८१" सम्बन्धी अत्यन्त जरूरी सूचना

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्वन्धी नियम २०५० को परिच्छेद ८२ को नियम ३४९ कार्य समितिका लागि त्रि.वि. स्व.वि.यु. निर्वाचन सम्वन्धी निर्देशिका २०८१ अनुसार मिति २०८१/१२/०५ गते हुने निर्वाचनका लागि यस क्याम्पसमा १५ सदस्यीय कार्यसमिति तपसिलमा उल्लेख भए अनुसार स्व.वि.यु को निर्वाचन हुनेछ।

| सि.नं. | पद | जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १. | अध्यक्ष | १ (एक) | प्रत्यक्ष |
| २. | उपाध्यक्ष | १ (एक) | समानुपातिक मध्येवाट |
| ३. | सचिव | १ (एक) | प्रत्यक्ष |
| ४. | सहायक सचिव | १ (एक) | समानुपातिक मध्येवाट |
| ५. | कोषाध्यक्ष | १ (एक) | प्रत्यक्ष |
| ६. | सदस्य | १० (दश) | प्रत्यक्ष (५)+ समानुपातिक मध्येवाट (५) |

१. प्रत्यक्ष तर्फ :- अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५ (पाँच) जना सदस्यहरूको निर्वाचन हुनेछ।

२. समानुपातिक तर्फ :- ७ (सात) जना सदस्यहरूको निर्वाचन हुनेछ।

३. समानुपातिक सदस्यहरू मध्येबाट उपाध्यक्ष १ (एक) जना, सहायक सचिव १ (एक) जना र ५ (पाँच) जना सदस्यहरू हुनेछन्।

४. यस क्याम्पसलाई हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार र अन्य गतिविधि गर्न पाईने छैन।

५. प्रचार प्रसार गर्दा क्याम्पस हाता भित्र माइकको प्रयोग गर्न पाइने छैन।

६. त्रि.वि. स्व.वि.यु. निर्वाचनसम्बन्धी निर्देशिका २०८१ को दफा ७ को उपदफा २ को तेश्रो वाक्य मतपत्रमा संघ/संगठन/संयुक्त प्यानल वा समुहको नाम राख्दा "उम्मेदवारी दर्ता भएको क्रमसंख्या अनुसार राखिनेछ" भन्ने वाक्यलाई संशोधन गरे अनुसार "उम्मेदवार र संघ/संगठन/सम्युक्त प्यानल वा समुहको नामावली मतपत्रमा क्रमसंख्या निर्धारण गर्दा निर्धारित समय भित्र उम्मेदवारी दिएका संघ/संगठन समुहको उपस्थितिमा निर्वाचन समितिले गोला प्रथाका आधारमा गरिने छ। गोला प्रथाको मिति २०८१/११/२९ गते दिनको ३:०० बजे हुनेछ।

७. मिति २०८१/११/२६ गते दिनको ११:०० बजे देखि २:०० बजे सम्म उम्मेदवारको मनोनयन पत्र वितरण (प्रत्यक्ष र समानुपातिक) दुवैको लागि हुने भएकोमा उम्मेदवारले मनोनयन पत्र लिन आउँदा आफ्नो परिचय पत्र उमेर खुल्ने शैक्षिक प्रमाण पत्र तथा नेपाली नागरिकता लिएर आउँनु पर्ने छ। साथै संघ/संगठन/समुह बाट उम्मेदवारी दिनेलाई संघ/संगठन/समुह लेटर प्याडमा आधिकारीक विवरण खुलाई पत्र पेश गर्नु पर्ने छ।

.............................

अंजु कुमारी महतो

निर्वाचन अधिकृत

निर्वाचन अधिकृत